# लोकतान्त्रिक आन्दोलनमा नेपालभाषाका खबरपत्रिका

हरिकृष्ण डंगोल

## पृष्ठभूमि

लोकतन्त्र र मिडियालाई एक अर्काका परिपूरक भनेको बरोबर सुन्न पाइन्छ ।[1] यद्यपि लोकतान्त्रिक आन्दोलनमा पत्रकारिताले खेल्ने भूमिकालाई मापन गर्ने सहज तरिका भने छैन । अन्तर्क्रियाका लागि मञ्च दिने, जनमत तयार गर्ने र कुनै पनि सही वा गलत निर्णयहरूमा जनताको अभिमतलाई प्रतिनिधित्व गर्ने संस्थाको रूपमा मिडिया परिचित छ ।

नेपालभाषामा साहित्यिक पत्रपत्रिका निस्कन थालेको ८३ वर्ष पूरा भएको छ र नेपालभाषाको समाचार (अखबारी) पत्रकारिताले पनि ५६ वर्षको अवधि पार गरिसकेको छ (मानन्धर २०५६ र श्रेष्ठ २००९) । २००७ सालको प्रजातान्त्रिक आन्दोलन अघिसम्म नेपालभाषाबाट कुनै खबरपत्रिका प्रकाशित भएको थिएन । प्रजातन्त्रको उदयपछि नेपालभाषाबाट सर्वप्रथम *पासा* (वि.सं. २००९) पाक्षिक खबरपत्रिका प्रकाशनमा आयो । र, आफ्नो सुरु अङ्कै सम्पादकीयमा “पासाले सत्य मार्ग देखाउने छ, सत्य कुरा देखाउने, प्रस्तुत गर्नेछ । ... सयौँ व्यक्तिको

---

[1] यो लेख नेपालभाषामा लेखिएको ‘लोकतान्त्रिक आन्दोलनय् नेपालभाषा बुखँपौया भूमिका’ विषयक शोधपत्र (डंगोल २०६५) मा आधारित छ । यो लेखको बीच बीचमा उल्लेख भएका विभिन्न समाचार, सम्पादकीय र विचारलेखका शीर्षक तथा उद्धृत गरिएका सामग्री नेपालभाषाबाट लेखकद्वारा स्वयं अनुवाद गरिएको हो ।

*मिडिया अध्ययन* ४: ४७-७३ २०६६

कल्याण हुँदा एकजना समाजविरोधी व्यक्तिको अकल्याण भएमा पासाले त्यसको वास्ता गर्ने छैन। पासाले गर्न लागेको प्रजातन्त्रको रक्षामा कसैले विरोध गऱ्यो भने पासा ऊदेखि पनि डराउने छैन" (पासा २००९ : ४) भनी प्रजातन्त्रप्रति आफ्नो प्रतिबद्धता जनाएको थियो। त्यसयता नेपालभाषाबाट विभिन्न खबर पत्रिकाहरू प्रकाशन भइसकेका छन्।[२] यद्यपि प्रजातन्त्रका लागि भएको जनआन्दोलनमा नेपालभाषाका कमै मात्र पत्रिकाहरूले आफ्नो सहभागिता जनाएका छन्।

२०१२ सालमा प्रकाशनमा आएको *नेपालभाषा पत्रिका* दैनिकले २०३६ सालको जनआन्दोलनका समाचार दिनुका साथै तथा आन्दोलनबारे आफ्नो विचार प्रस्तुत गरेको थियो। यस्तै २०४६ सालको जनआन्दोलनमा २०३९ सालमा निस्केको *इनाप* साप्ताहिक तथा २०४५ सालमा निस्केको *विश्वभूमि* सन्ध्याकालीन दैनिकले समाचार, सम्पादकीय र विचार लेखहरूमार्फत नेपालभाषी समुदायलाई सूचित बनाउन भूमिका निर्वाह गरेका थिए।

२०४६ सालको जनआन्दोलनबारे सुसूचित गर्न तथा आन्दोलनमा काठमाडौँवासीको सहभागिता बढाउनमा *विश्वभूमि*ले खेलेको भूमिका अहिलेसम्म पनि उत्तिकै स्मरणीय छ। सफू धुकू[३] का सञ्चालक नातिवज्र वज्राचार्यले *हिसु* पत्रिकामा व्यक्त गर्नुभएको विचारबाट पनि यसो भन्न सकिन्छ। उहाँका अनुसार :

> काठमाडौँ उपत्यकावासीहरूलाई आन्दोलनमा सहभागी गराउनमा काठमाडौँबाट प्रकाशित हुने नेपालभाषाको 'विश्वभूमि' दैनिकले महत्त्वपूर्ण भूमिका खेलेको भन्दा अतिशयोक्ति हुने छैन। त्यतिखेर ...पञ्चायत व्यवस्थालाई राँगो ढालेझैँ ढाल्न आतुर भइराखेका नेवारहरूको लागि यो दैनिकमा आएका समाचारहरू एकप्रकारले तागतको भिटामिन झैँ भएको थियो। ...आफ्नो सफू धुकू पसलमा कहिले नेवार भाषाको पुस्तक, पत्रिका किन्न नआउने नेवारहरूले समेत दिनदिनै यो पत्रिका किन्न आउने भए। त्यो बेलामा यो दैनिक नेवारहरूको समाजमा मात्र लोकप्रिय भएको नभई नेवार भाषा नबुझ्नेहरूले समेत किन्न आउन थालेका थिए। अझ नेवार भाषा नबुझ्ने गैर नेवारहरूले समेत यो पत्रिकामा रहेको चित्र र समाचारका शीर्षक हेरेर किनेर लाने गर्थे र आफू बसेका

---

[२] प्रकाशित खबरपत्रिकाको सूची यसै लेखको अन्तमा अनुसूचीमा दिइएको छ।

[३] नेपाल भाषाका पुस्तक र पत्रिका पाइने यो पसल भोटाहिटीमा अवस्थित छ र 'सफू धुकू' को नाममा चर्चित छ। यसका सञ्चालक नेपालभाषाका स्थापित कवि नातिवज्र वज्राचार्य हुन्। यो पसल नेपालभाषाका लेखकहरूको भेटघाटको थलो पनि हो।

टोलका जान्ने बुझ्ने मान्छेहरूलाई पढाएर आन्दोलनबारे जानकारी लिने गर्थे (हिसु २०६३ : ६५)।

पत्रकारिताको इतिहास तथा सङ्ख्याको दृष्टिले नेपालीभाषापछि नेपालभाषा पत्रकारिता दोस्रो नम्बरमा पर्छ (हेर्नुहोस्, मानन्धर २०५७; श्रेष्ठ २००९)। तर नेपालीभाषाका पत्रपत्रिकामा प्रकाशित सामग्रीलाई आधार बनाएर विविध विषयका थुप्रै अध्ययन भइसक्दा पनि नेपालभाषाका खबर पत्रिकामा प्रकाशित सामग्रीहरूका बारेमा त्यति अध्ययन, अनुसन्धान भएको छैन। जे जति भएका छन् ती साहित्यिक तथा भाषिक क्षेत्रमा नेपालभाषाका केही पत्रपत्रिकाहरूले पुऱ्याएको योगदान र नेपालभाषा पत्रकारिताको इतिहासबारे छन्। लोकतान्त्रिक आन्दोलनमा पत्रकारिता क्षेत्रले निर्वाह गरेको भूमिकाबारे खबर पत्रिकामा आएका सामग्रीहरूलाई लिएर अध्ययन अनुसन्धान त भएकै देखिँदैन।

यसैले पनि मुलुकका प्रमुख भाषामध्ये एक नेपालभाषाका खबर पत्रिकाहरूमा लोकतान्त्रिक आन्दोलनसम्बन्धी के कस्ता समाचार आए ? लोकतान्त्रिक आन्दोलनको सन्दर्भमा पत्रिकाको विचार (सम्पादकीय) कस्तो रह्यो ? सो सम्बन्धमा कस्ता खालका विचार लेखहरू आए ? भन्ने कुरा यस अध्ययनबाट जान्न खोजिएको छ। यसर्थ यो लेख सामग्री विश्लेषणमा मात्र आधारित रहेको छ। सामग्री विश्लेषणको लागि कुनै निश्चित मापदण्ड अपनाइएको छैन। सात दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र त्यस पछिका मुख्य मुख्य घटना तथा विषयका सामग्री छनोट गरी सोहीअनुरूप वर्णन गरिएको छ।

पृष्ठभूमि र निष्कर्षबाहेक लेखलाई तीन खण्डमा विभाजन गरिएको छ। पहिलो खण्डमा प्रकाशित समाचार सामग्रीको विश्लेषण गरिएको छ। समाचार सामग्रीको विश्लेषणले उल्लिखित पत्रिकाहरूले लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित महत्त्वपूर्ण सामग्रीहरूलाई के कत्तिको महत्त्व दिए र कसरी प्रस्तुत गरे भन्ने दर्शाउँछ। दोस्रो खण्डमा पत्रपत्रिकाको सम्पादकीयको विश्लेषण छ। सम्पादकीयको विश्लेषणबाट उल्लिखित पत्रिकाहरूले लोकतान्त्रिक आन्दोलनलाई के कसरी लिएका छन् भन्ने केलाइएको छ। र, तेस्रो खण्डमा पत्रपत्रिकामा प्रकाशित विचार लेखहरूको विषयवस्तु विश्लेषण गरिएको छ। विचार लेखको विश्लेषणबाट उल्लिखित पत्रिकाहरूमा के कस्ता विचार लेख आए ? आन्दोलनलाई नेवारहरूले कुन रूपमा लिएका थिए भन्ने दर्शाउन खोजिएको छ।

२०६२/६३ सालको लोकतान्त्रिक आन्दोलनको समयमा काठमाडौंमा दर्ता भएकामध्ये नेपालभाषाका चार ओटा मात्र खबरपत्रिका प्रकाशनमा थिए। यसैले

अध्ययनको लागि आशा सफू कुथि[४] को अभिलेखमा रहेका यी चारै ओटा खबरपत्रिकाहरू *(सन्ध्या टाइम्स, देशयूमरु भ्याः, अप्सरा र लायकू)* समाविष्ट गरिए । साथै यी चार ओटा खबरपत्रिकाहरूमा २०६२ मङ्सिर १ देखि २०६३ वैशाख ११ सम्म आएका समाचार पृष्ठ (मुख पृष्ठ) तथा विचार पृष्ठ (दोस्रो पृष्ठ) का समाचार, सम्पादकीय र विचार लेख मात्र यो अध्ययनमा समेटिएका छन् लोकतान्त्रिक आन्दोलनलाई यी पत्रिकाहरूले के कसरी हेरेका छन् भन्ने बुझ्न यी सामग्री महत्त्वपूर्ण हुन्छन् । यद्यपि वैशाख ११ को घोषणालाई कसरी समेटेका छन् भन्ने बुझ्न वैशाख ११ पछिको एक अङ्क पनि अध्ययनमा समावेश गरिएको छ ।

## समाचार सामग्रीको विश्लेषण

खबरपत्रिकाको काम भनेको जनमानसले थाहा पाउनुपर्ने तथा थाहा पाउन चाहेको विषयलाई छिटोछरितो जनसमक्ष पुऱ्याउनु हो । आन्दोलनको समयमा पाठकको सबभन्दा बढी अभिरुचि आन्दोलनसम्बन्धी गतिविधिमा हुन्छ । यस सन्दर्भमा उल्लिखित पत्रिकाहरूले लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित महत्त्वपूर्ण सामग्रीहरूलाई के कत्तिको महत्त्व दिए र कसरी प्रस्तुत गरे भन्ने कुरा जान्नु आवश्यक छ ।

### *सहमतिसम्बन्धी समाचार*

संसदवादी सात राजनीतिक दल र सशस्त्र जनयुद्ध गर्दै आएको माओवादीबीच २०६२ मङ्सिर ७ मा भएको १२ बुँदे समझदारीपछि नै नेपालको लोकतान्त्रिक आन्दोलनमा नयाँ मोड आएको हो । त्यसपछि संसदवादी सात राजनीतिक दल र माओवादीले २०६२ चैत २४ देखि २०६३ वैशाख ११ सम्म जम्मा १९ दिन गरेको आन्दोलनबाट नै संसद पुनःस्थापना भएको थियो । सो कदम नै नेपाललाई लोकतान्त्रिक गणतन्त्रमा समेत डोऱ्याउनका लागि आधार बन्यो । सात राजनीतिक दल र माओवादीबीच भएको सो सहमति लोकतान्त्रिक आन्दोलनको सन्दर्भमा एउटा महत्त्वपूर्ण कडी थियो । यसैले पनि १२ बुँदे सहमतिसम्बन्धी समाचार खबरपत्रिकाहरूको लागि महत्त्वपूर्ण विषय थियो ।

*सन्ध्या टाइम्स* दैनिकले आफ्ना विभिन्न अङ्कहरूमा 'जनताको हात माथि हुने हो भने हाम्रो हात तल राख्न पनि तयार छौं, युद्धविराम भङ्ग भए पनि समझदारी

---

[४] आशा सफू कुथिलाई नेपालभाषासम्बन्धी सामग्रीहरूको आधिकारिक अभिलेखालय मानिन्छ । यहाँ नेपालभाषाका पुराना ठ्यासफू लगायत नेपालभाषाबाट प्रकाशित तथा नेवारहरूको बारेमा लेखिएका अन्य भाषाका पुस्तक, पत्र-पत्रिकाहरू प्रायशः सङ्ग्रहित छन् ।

कायम नै रहनेछ' (मङ्सिर १०), 'तीन दल गणतन्त्रको पक्षमा छैन, सहमतिलाई लिएर वामपन्थी नेताहरूको नाङ्ले पसल चिन्तन' (मङ्सिर १२), 'राजालाई सहमतिमा आउन राजदूत मोरियार्टिको सुझाव' (पुस ३), 'राजाद्वारा विदेशीहरूलाई पनि चुनौती : भारत र अमेरिकाले समर्थन गरेको १२ बुँदे दरवारलाई अमान्य' (पुस ६), '१२ बुँदे परिमार्जित हुने' (फागुन २३) आदि विभिन्न शीर्षकमा समाचार सम्प्रेषण गरेको छ। यस दैनिकले सहमतिसम्बन्धी समाचारलाई महत्त्व दिएर यसलाई सकारात्मक रूपमा प्रस्तुत गरेको छ।

*देशय्‌मरु भ्या:* साप्ताहिकले सहमतिसम्बन्धी समाचारलाई प्राथमिकता दिँदै सकारात्मक रूपमा प्रस्तुत गरेको छ। 'सात दल र माओवादीको पहिलो सहमति' भन्ने शीर्षकको समाचारमा यो पत्रिका लेख्छ :

> १२ बुँदे सहमति पत्रलाई अब सात दल र माओवादीले इमानदारीपूर्वक पालना गर्दै जाने हो भने निश्चित रूपमा नेपालमा चाँडै शान्ति र प्रजातन्त्रको पुनःस्थापना हुने आमधारणा रहेको छ। ... २०५२ साल फागुन एक गतेदेखि माओवादीले 'जनयुद्ध' सञ्चालन गरेपछि १२ हजारभन्दा बढी नेपालीको प्राण गइसकेको अवस्थामा यो सहमति एउटा ऐतिहासिक कदम हो (देशय्‌मरु भ्या: २०६२ : १)।

*अप्सरा* साप्ताहिकमा पनि १२ बुँदे सहमतिसम्बन्धी समाचार प्राथमिकता भित्रै परेको छ। तर यसले प्रयोग गर्ने शीर्षक र समाचारको विषयवस्तुअनुसार समाचारलाई सजिलै अर्थ्याउन भने कठिन छ। जस्तै मङ्सिर १५ को अङ्कमा 'स्थायी शान्ति अब राजाको हातमा' शीर्षकमा यसले संसदवादी दलको भनाइ भन्दै यस्तो वाक्य उद्धृत गरेको छ :

> संसदवादीहरूको कथन छ - हामीले राष्ट्रियतालाई बन्धकी राखेर काम गरेका छैनौं। हामीले गरेको काम देशमा लोकतन्त्र ल्याउनको निम्ति हो, जुन नदी बेच्ने कत्तै केही बेच्ने काम गरेको छैन। हाम्रो काममा विदेशीहरूले सहयोग दियो भने यो त झनै राष्ट्रवादी कुरा नै भयो। राष्ट्र भित्रको काममा विदेशीहरूको समर्थन लिनसक्नु भनेको राष्ट्रवाद हो। शान्ति स्थापनाको निमित्त विदेशीहरूको सहयोग लिनसक्नु भनेको राष्ट्रवाद हो (अप्सरा २०६२ : १)।

यस्तै *लायक्‌ू* द्वैभाषिक (एउटै सामग्रीलाई नेपाली तथा नेपालभाषामा प्रकाशित गर्ने) पाक्षिक पत्रिकाले आफ्नो मङ्सिर १६ गतेको अङ्कमा 'सबै राजा नेपाल फिर्ती होइबक्सिने प्रतिक्षामा, संविधानसभाले पृथकतावादी उदय हुने, वर्तमान संविधानले

नै समस्या समाधान हुने' शीर्षकअन्तर्गत सहमतिसम्बन्धी एउटै मात्र समाचार सम्प्रेषण गरेको छ । यो शीर्षकबाटै प्रस्ट हुन्छ– दल र माओवादीबीच भएको सहमतिलाई यो पत्रिकाले सकारात्मक रूपमा लिएको थिएन । सोही शीर्षकअन्तर्गत लेखिएको सामग्रीले यसलाई अझ प्रस्ट पार्छ । त्यहाँ उल्लेख छ, "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव विदेश भ्रमणमा होइबक्सेको बेला यहाँ आन्दोलनरत सात राजनीतिक दलहरूले विद्रोही दल नेकपा (माओवादी) सँग १२ बुँदे सहमति गरेर मुलुकमा स्थायी शान्ति ल्याउन गरिएको कार्यक्रम विस्तारै उच्च विवादमा पुग्दैछ" (लायक् २०६२ग : २) ।

### *आन्दोलन (सभा, जुलुस र आक्रमण) सम्बन्धी समाचार*

सन्ध्याकालीन दैनिक पत्रिका *सन्ध्या टाइम्स*ले २०६२ मङ्सिर ३ को अङ्कमा मात्रै 'भक्तपुरमा नागरिक भेला', 'पत्रकारहरू फेरि आन्दोलित', 'नेमकिपा पनि देशव्यापी अभियानमा', 'भोलि बुटवलमा भिडन्त हुनसक्ने' शीर्षकमा आन्दोलनसँग सम्बन्धित चार ओटा समाचार सम्प्रेषण गरेको छ । त्यस्तै मङ्सिर ९ गतेको अङ्कमा 'भक्तपुरमा नागरिक सभा', मङ्सिर १५ को अङ्कमा पनि 'निषेधाज्ञा लागू गरेको सीडीओलाई थाहा छैन', 'मङ्सिर १७ गते नयाँ बानेश्वरमा ठूलो भिडन्त हुनसक्ने' र 'एमालेको पदयात्रा' आदि समाचार पनि सम्प्रेषण गरेको छ ।

त्यस्तै *देशयुमरु झया*.ले पनि आन्दोलनसम्बन्धी समाचारलाई प्राथमिकता दिएको छ । यसले 'भोलिदेखि नेका-एमालेको आमसभा, युद्धविरामको समय लम्ब्याउने अनुमान' (मङ्सिर ९), 'दलहरूको आन्दोलनमा तीब्रता, एकतर्फी घोषणाले केही नहुने अन्तर्राष्ट्रिय धारणा, सहमति परिमार्जित गर्ने' (मङ्सिर २३), 'भक्तपुरमा काँग्रेसको विशाल जनसभा सम्पन्न, संविधान सभा आकासबाट खस्दैन' (मङ्सिर २३), 'सप्ताहव्यापी आन्दोलन गर्ने' (मङ्सिर २३) शीर्षकका विभिन्न समाचारहरू सम्प्रेषण गरेका छन् । यी समाचारहरूको भाव हेर्दा यो पत्रिका पनि लोकतान्त्रिक आन्दोलनको पक्षपाती रहेको देखिन्छ । तर नेपाली काँग्रेससँग, अझ देउवा प्यानलसँग नजिक मानिने यस पत्रिकाले लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित माओवादीका समाचारलाई भने ठाउँ दिएको छैन ।

*अप्सरा* साप्ताहिकले पनि लोकतान्त्रिक आन्दोलनलाई लिएर विभिन्न समाचार सम्प्रेषण गरेको छ । जस्तै : 'माओवादीले देशभरि युद्ध फैलायो' (माघ ५), 'आ-आफ्नो भेषभुषामा शान्ति जुलुस' (माघ १९), 'चैतभरि राजनीति तात्तिने' (चैत २), 'भोलि चैत २४, दलहरूको अग्नि परीक्षा (चैत २३)' आदि शीर्षकमा यसले समाचार दिएको छ ।

तर यी खबरपत्रिकामध्ये *लाय्कू* पाक्षिकले सभा, जुलुस, बन्द जस्ता आन्दोलनसम्बन्धी एउटा मात्र समाचार सम्प्रेषण गरेको छ। यसको २०६३ वैशाख १ को अङ्कमा 'आन्दोलनमा काठमाडौं उपत्यकावासीको संलग्नता, बर्बरतापूर्ण दबाबलाई नेवारहरूको चेतावनी' शीर्षकमा छापिएको समाचारबाहेक आन्दोलनका अन्य समाचार प्रस्तुत गरेको छैन।

## *नगरपालिकाको चुनावसम्बन्धी समाचार*

लोकतान्त्रिक आन्दोलनको समयमा तत्कालीन शाही सरकारले २०६२ माघ २६ मा सञ्चालन गरेको नगरपालिकाको चुनाव पनि निकै चर्चा र आलोचनाको विषय थियो। नगरपालिकाको चुनाव सफल भए तत्कालीन राजा ज्ञानेन्द्रले उठाएको कदमलाई वैधानिकता प्राप्त हुने डर आन्दोलनरत दलहरूसँग थियो। अर्कातिर चुनाव जसरी भए पनि सम्पन्न गरेर स्वदेशी र विदेशीसामु आफू लोकतन्त्र स्थापनामा प्रतिवद्ध रहेको देखाउन तत्कालीन राजा ज्ञानेन्द्र कस्सिएर लागेका थिए। यसैले यो विषय पनि खबरपत्रिकाहरूको लागि निकै चासोको विषय रह्यो। यस विषयमा *सन्ध्या टाइम्स*ले लेखेको छ, "राजाले पुनर्गठन गरेको सरकारले चुनाव नै अहिलेको प्रमुख प्राथमिकता हो भनी घोषणा गरेको र सात दललगायत माओवादीले यो चुनाव गर्न नै नदिने भनी घोषणा गरेपछि अब माघ २६ मा गर्ने भनी तोकेको नगर निर्वाचन नै सरकार र आन्दोलनकारीहरूको शक्ति परीक्षण गर्ने मुख्य केन्द्र भएको छ" (सन्ध्या टाइम्स २०६२ : १)।

*सन्ध्या टाइम्स*ले चुनावसम्बन्धी समाचारलाई अन्य अङ्कहरूमा पनि प्रमुखताका साथ छापेको छ। यसले लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित सबै समाचारमध्ये चुनावसम्बन्धी समाचार मात्र ९० ओटा अर्थात् १४ प्रतिशत छापेको छ। र, यो पत्रिकाले आन्दोलनकारी दलहरूको समर्थनमा चुनावसम्बन्धी समाचार सम्प्रेषण गरेको पाइन्छ।

*देशय्मरु भ्या:*ले पनि चुनावसम्बन्धी समाचारलाई प्राथमिकता दिएको छ। यसले 'निर्वाचन आचारसंहिता पनि जारी भयो' (मङ्सिर २३), 'राप्रपाले निर्वाचनबारे दुई दिनअघि मात्र निर्णय दिने, राप्रपाले आज आफ्ना मन्त्रीहरूका बारेमा निर्णय लिने' (पुस १४), 'उम्मेदवार हत्याको विरोध, तैपनि नछोड्ने' (माघ १३), 'राप्रपाले पनि भाग नलिने भयो - राणा' (माघ १३), 'नगर निर्वाचन घोषित मितिमै सम्पन्न/दलहरूले आज नयाँ कार्यक्रम बाहिर ल्याउने, यो मात्रै सङ्कट समाधानको बाटो होइन' (माघ २७), 'नगर निर्वाचनको पर्यवेक्षण भएन' (माघ २७) आदि विभिन्न शीर्षकमा समाचार दिएको छ।

यस्तै *अप्सरा* साप्ताहिकले 'चुनावको नाममा मनपरीतन्त्र' (मङ्सिर ८), 'स्थानीय चुनाव दलहरूको लागि गलपासो !' (पुस ६), 'फेरि युद्ध सुरु, चुनावको झगडाले गृहयुद्ध हुनसक्छ' (पुस २०), 'जनता राजनीतिबाट टाढा, न बहिष्कार न समर्थन' (पुस २७) आदि विभिन्न शीर्षकमा चुनावसम्बन्धी समाचार दिएको छ ।

*लायक्* पाक्षिकले पनि चुनावसम्बन्धी समाचारलाई विशेष प्राथमिकता साथ छापेको छ । यो पत्रिकाले छापेको लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित कुल १५ ओटा समाचारमध्ये ४७ प्रतिशत अर्थात् सात ओटा चुनावसम्बन्धी छन् । यसले दिएका चुनावसम्बन्धी समाचारका आधारमा भन्ने हो भने यो पत्रिका तत्कालीन सरकारद्वारा गरिन लागेको नगरपालिका तथा संसदीय चुनावको समर्थनमा उभिएको छ । जस्तै, 'स्थानीय नगर चुनावमा आन्दोलनरत पार्टीहरूको सहभागिता, कार्यकर्ताहरूले वर्चस्व भएको वडा नछोड्ने, ठूला पार्टीहरूले चुनावमा भाग नलिने चेतावनी' (पुस १), 'स्थानीय निर्वाचनमा उम्मेदवारको तयारी, स्थानीय निर्वाचनमा राप्रपाको सहभागिताको सम्भावना' (पुस १६), 'संसदीय चुनावको घोषणाको तयारी, राजा आफ्नै रोडम्यापमा, दलको आन्दोलन असरहीन' (चैत १) आदि यसका समाचारका शीर्षक छन् । हुन त यसले पनि 'स्थानीय नगर निर्वाचन असफल हुने, उम्मेदवारी उत्साहजनक हुन सकेन' (माघ १६) भन्ने जस्ता शीर्षकका समाचार दिएर यो पत्रिकाले आफू केही मात्रामा तटस्थ रहेको देखाउने प्रयास पनि गरेको पाइन्छ ।

## *युद्धविराम र युद्धविराम भङ्गसम्बन्धी समाचार*

मुलुकमा २०६२ भाद्र १८ मा हिन्दूहरूको ठूलो चाड दशैं र तिहारको पूर्वसन्ध्या पारेर माओवादीले तीन महिने एकतर्फी युद्धविरामको घोषणा गरेको थियो । तत्कालीन समयमा आन्दोलनरत सात संसदवादी राजनीतिक दल र माओवादीबीच युद्ध सहमति भएपछि मङ्सिर १७ मा फेरि एक महिनाको लागि युद्धविरामको समय बढाएको थियो । पुस १८ मा भने अचानक माओवादीले युद्धविराम भङ्ग गरेको घोषणा पनि त्यतिखेरको महत्त्वपूर्ण विषय थियो ।

*सन्ध्या टाइम्स*ले लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित समाचारमध्ये ११८ ओटा अर्थात् १८ प्रतिशत युद्धविराम र युद्धविराम भङ्गसम्बन्धी समाचार प्रस्तुत गरेको छ । यसले मङ्सिर ८ को अङ्कमा दिइएको सहमतिसम्बन्धी शीर्षकको समाचारमा युद्ध विरामसम्बन्धी केही कुरा उल्लेख नभएको प्रति चिन्ता व्यक्त गरेको छ ।

*देशयूमरु भ्या:* ले मङ्सिर ९ को अङ्कमा 'नेका एमालेको आमसभा, युद्धविरामको समय लम्ब्याउने अनुमान' शीर्षक दिएर युद्धविरामको समय लम्बिने कुरामा आशा प्रकट गरेको छ। *अप्सरा* साप्ताहिकले माओवादीले एकपक्षीय रूपमा गरेको युद्धविरामलाई सरकारले केही वास्ता नगरेका कारण सरकार युद्ध गर्नतिरै ढल्केको हो कि भन्ने आशयको 'युद्ध गर्ने नै सरकारको रहर' (पुस ६) भन्ने शीर्षकमा समाचार प्रस्तुत गरेको पाइन्छ। तर *लायूकू* पाक्षिकले यससम्बन्धी कुनै समाचार प्रस्तुत गरेको छैन।

समग्रमा भन्दा उल्लिखित पत्रिकाहरूमध्ये *सन्ध्या टाइम्स* दैनिकले आन्दोलनका सामग्रीहरूलाई बढी स्थान दिएको छ। दैनिक पत्रिका भएकैले यसले हार्ड न्यूजलाई बढी नै प्राथमिकता दिएको छ। यद्यपि यसले स्थलगत समाचारभन्दा बढी प्रेस सम्मेलन, प्रेस विज्ञप्तिलाई प्राथमिकता दिएको छ। जस्तो, भक्तपुरमा मङ्सिर १० मा हुन लागेको नागरिक सभासम्बन्धी समाचारलाई यो पत्रिकाले मङ्सिर २ कै अङ्कमा 'भक्तपुरमा नागरिक सभा' शीर्षकअन्तर्गत समाचार दिएको छ। फेरि मङ्सिर ९ को अङ्कमा पनि 'भोलि भक्तपुरमा नागरिक सभा' भन्ने शीर्षक दिएर समाचार सम्प्रेषण गरेको पाइन्छ। तर मङ्सिर १० मा हुने भनिएको उक्त नागरिक सभाको समाचारलाई भने यो पत्रिकाले कभरेज गरेको देखिँदैन। यसो हुँदा उक्त सभा भयो वा भएन, भए उक्त सभामा बोल्ने वक्ताहरू को को थिए, के के विचारहरू प्रकट भए भन्ने जस्ता प्रश्नहरू अनुत्तरित छन्। वास्तवमा यो पत्रिकाले आन्दोलनसम्बन्धी विभिन्न कार्यक्रमको पूर्व जानकारी दिने गरे तापनि सोसम्बन्धी समाचार भने प्राय: दिन सकेको देखिँदैन। समाचारको स्रोत नखुल्नु पनि यसको कमजोरी हो। अधिकांश समाचारहरू विश्वस्त सूत्र, सम्बद्ध सूत्र, उच्च सूत्रको हवाला दिँदै लेखिएको छ। यसले समाचारको विश्वसनीयतालाई कमजोर बनाइदिएको छ।

*देशयूमरु भ्या:, अप्सरा* र *लायूकू* साप्ताहिक तथा पाक्षिक पत्रिका भएकोले यिनीहरूले व्याख्या, विश्लेषण सहितका समाचार बढी दिनुपर्ने थियो। तर *देशयूमरु भ्या:*मा आउने केही समाचारबाहेक अन्य दुई पत्रिकाहरूमा कमै मात्र विश्लेषणसहितका समाचार आएका छन्। *अप्सरा*मा आउने विश्लेषणसहितका समाचारहरू प्रायश: समाचार हो कि लेखरचना हो छुट्ट्याउन गाह्रो पर्छ।

## सम्पादकीय

सम्पादकीयले समसामयिक विषय वा घटनाप्रति खबरपत्रिकाको के कस्तो विचार वा दृष्टिकोण छ भन्ने बुझ्न सघाउँछ। यसैले ती पत्रिकामा प्रकाशित

सम्पादकीयका आधारमा लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित विभिन्न विषयबारे यी पत्रिकाहरूको दृष्टिकोण वा विचार जान्न सकिन्छ ।

### *१२ बुँदे सहमतिबारे*

नयाँ दिल्लीमा भएको १२ बुँदे सहमति एउटा महत्त्वपूर्ण विषय हो र यो सहमतिले लोकतान्त्रिक आन्दोलनमा नयाँ प्रवाह ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ भन्ने कुरा माथि पनि उल्लेख भइसकेको छ । यो सहमतिमा उल्लेख भएका विभिन्न बुँदाहरूले आन्दोलनकारी दलहरूलाई मात्र उत्साहित बनाएको नभई नागरिक समाज र आमजनतालाई पनि निकै आशावादी बनाएको थियो । यसैले अब नेपालभाषाका खबरपत्रिकाहरूले 'सहमति' को विषयमा के कस्ता 'सम्पादकीय' लेखे भन्ने चर्चा गरौँ ।

*सन्ध्या टाइम्स*ले 'दल माओवादीको सहमति' शीर्षकको सम्पादकीयमा "आजको विश्व परिस्थिति र नेपालमा बढ्दै गइरहेको विदेशी हस्तक्षेपलाई ध्यानमा राखेर माओवादीले लिएको यो निर्णयलाई सामयिक कदम मान्नु पर्छ" (सन्ध्या टाइम्स २०६२क : २) भनेर दल-माओवादी सहमतिलाई सकारात्मक रूपमा लिएको छ । *देशय्मरु भ्या:* ले २०६२ मङ्सिर १३ को अङ्कमा 'बहृत् राष्ट्रिय हितमा प्रयोग गर्नु पर्छ' भन्ने शीर्षकको सम्पादकीय छापेको छ । त्यसमा उल्लेख छ, "सम्पूर्ण नेपाली जनताले कामना गरिरहेको शान्तिको लागि गएको साता सार्वजनिक भएको सात संसदवादी दल र माओवादी बीचको सहमति पत्रबाट जनता आशावादी हुनु स्वाभाविक हो" (देशय्मरु भ्या: २०६२क : २) । उल्लिखित दुई अखबारले सहमतिप्रति सकारात्मक धारणाको सम्पादकीय लेखे *लाय्कू* भने त्यसको विपरीत देखिन्छ । सो सहमतिबारे *लाय्कू* लेख्छ :

> राजनीतिक सिद्धान्तअनुसार जहिले पनि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोध गर्ने राजनीतिक पार्टीहरूले विदेशीहरूको सल्लाहबमोजिम नेपालको आन्तरिक समस्यालाई भारतको भूमिमा लगेर समाधान खोज्ने नाममा भारत र अमेरिकाको विस्तारवाद नीतिमा आफूहरूलाई समर्पण गरेको आभास राजनीतिक पर्यवेक्षकहरूले गरिरहेका छन्" (लाय्कू २०६२ : २) ।

तर *अप्सरा* साप्ताहिकले भने उक्त सहमतिलाई लिएर आफ्नो कुनै धारणा वा सम्पादकीय प्रस्तुत गरेको छैन । यसले मङ्सिर ८ को अङ्कमा 'हिन्दू राजाको नाममा शासन' र मङ्सिर १६ को अङ्कमा 'माओवादीको नाममा सञ्चार क्षेत्रमा अर्को आक्रमण' शीर्षकमा सम्पादकीय लेखेको छ ।

### *सञ्चार क्षेत्रमा सरकारी हस्तेक्षपबारे*

माघ १९ पछि सरकारले व्यापक दमन र हस्तक्षेप गरेको क्षेत्र भनेको सञ्चार क्षेत्र पनि हो। सरकारको विरोधमा आवाज उठाइरहेका आमसञ्चारका विभिन्न माध्यमलाई आफ्नो नियन्त्रणमा राख्ने क्रममा सरकारले टेलिफोन जस्तो अत्यावश्यक साधन नियन्त्रणमा राख्ने कोसिस गऱ्यो भने राज्यको चौथो अङ्ग मानिएको पत्रकारिता क्षेत्रमाथि पनि दमनको हर्कत गऱ्यो।

यसै क्रममा २०६२ मङ्सिर १२ मा बीबीसी नेपाली सेवाले नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डको अन्तर्वार्ता प्रसारण गऱ्यो। बीबीसी नेपाली सेवाले लिएको सो अन्तर्वार्ता रेडियो सगरमाथाबाट प्रसारित भएको निहुँमा रेडियो सगरमाथाको बीबीसी प्रसारण सेवासमेत बन्द गर्ने काम भयो (ढुङ्गेल सन् २००६ : १०५)।

मिडियामाथि सरकारले गरेको यो दमनका विरुद्ध *सन्ध्या टाइम्स*ले २०६२ मङ्सिर १४ को अङ्कमा 'दरवारको सन्देश' शीर्षकमा सम्पादकीय लेख्दै सरकारको उक्त कार्यलाई "तानाशाही अनुहार" को संज्ञा दिएको छ। *अप्सरा* साप्ताहिकले मङ्सिर १५ को अङ्कमा 'माओवादीको नाममा सञ्चार क्षेत्रमा अर्को आक्रमण' शीर्षकमा सम्पादकीय लेख्दै सरकारको उक्त कार्यलाई 'लाछीपना' को संज्ञा दिएको छ। तर *देशय्‌मरु भ्या:* साप्ताहिक र *लाय्‌कू* पाक्षिकले सञ्चार क्षेत्रमाथि भएको उक्त दमन कार्यविरुद्ध सम्पादकीय लेखेनन्।

### *सभा, जुलुस, बन्द, प्रदर्शन (आन्दोलन) बारे*

आन्दोलन भनेको निश्चित उद्देश्य पूर्तिका लागि सर्वसाधारण जनता, खास वर्ग वा समुदायलाई जागरण वा उद्वेलित तुल्याउने गतिविधि, उथलपुथल वा हलचल हो (अधिकारी २०६१ : ७९)। यसैले लोकतान्त्रिक आन्दोलन भनेको 'लोकतन्त्र' ल्याउनको निमित्त भएका यस्ता गतिविधि हुन्। वास्तवमा लोकतान्त्रिक आन्दोलनका समयमा भएका प्रदर्शन, जुलुस, भेला, बन्द, नाकाबन्दी आदि नै आन्दोलनका मुख्य गतिविधि हुन्। अनि लोकतान्त्रिक आन्दोलनका समयमा अझ २०६२ चैत २४ देखि २०६३ वैशाख ११ सम्म बढीजसो यस्तै गतिविधि सञ्चालन भएका पनि छन्।

*सन्ध्या टाइम्स*ले आन्दोलनलाई लिएर मङ्सिर ६ गतेको अङ्कमा 'शान्तिपूर्ण कार्यक्रममा हस्तक्षेप' शीर्षकमा सम्पादकीय लेखेको छ। नेकपा (एमाले) ले बुटवलमा गरेको जनसभामा सरकारद्वारा भएको हस्तक्षेपलाई लिएर लेखिएको उक्त सम्पादकीयमा यस्तो विचार अभिव्यक्त भएको छ :

> जनसभालाई रोक्नको लागि प्रशासनले बुटवल जानेहरूलाई मात्र होइन, बुटवल भएर जाने सम्पूर्ण सवारी साधनलाई रोक्नुको साथै सभाको विरोधमा पर्चा पोस्टरिङसमेत गरेर आफ्नो जनविरोधी अनुहार उदाङ्गो पारिदिएको छ। वर्तमान सरकार प्रमुख श्री ५ ज्ञानेन्द्रले आफूलाई जतिसुकै प्रजातन्त्रवादी भनेर दाबी गरे पनि बुटवल घटनाले यो कुरा हावादारी भएको साबित गरिदिएको छ (सन्ध्या टाइम्स २०६२ख : २)।

तर उक्त कार्यक्रममा सरकारबाट जतिसुकै हस्तक्षेप भए पनि अन्ततः त्यो सभा सफल भएरै छाड्यो। यसबारे *देशयुमरु भ्याः* ले यस्तो सम्पादकीय लेखेको छ :

> माओवादीले आफूहरू बहुदलीय प्रतिस्पर्धामा आउन तयार रहेको कुरा माधव नेपालले जानकारी गराउनासाथै आम प्रजातन्त्रवादी जनतामा एक किसिमको रक्त सञ्चार भएको छ भन्ने कुरा भएको शनिबार बुटवलको आमसभाले प्रमाणित गरिदिएको छ। माघ १९ पछि देशभरि जति पनि विरोध सभा भएका छन् त्यसमध्ये सबैभन्दा बढी जनताको सहभागिता भएको सभा सम्भवतः यही होला। ... एउटा राजनीतिक दल एमालेले सञ्चालन गरेको यस सभामा जसरी हजारौँको सङ्ख्यामा जनसहभागिता भयो, यसबाट काँग्रेसहरूले पनि शिक्षा लिनुपर्ने देखिन्छ। गएको समयमा आफूहरूद्वारा भएको गल्तीलाई जनसमक्ष स्वीकार गर्नु पर्दछ (देशयुमरु भ्याः २०६२ख : २)।

बुटवलको यस आमसभाबारे *अप्सरा* साप्ताहिक र *लायुकू* पाक्षिकले भने सम्पादकीय लेखेका छैनन्।

*सन्ध्या टाइम्स* दैनिक सन्ध्याकालीन पत्रिका भएकोले र यसले प्रत्येक अङ्कमा एउटा सम्पादकीय दिने गरेकोले यसमा आन्दोलनसम्बन्धी थुप्रै सम्पादकीय आएका छन्। जस्तै, नेकपा (एमाले) ले उपत्यकामा गर्न लागेको जनप्रदर्शनको प्रचारप्रसारको क्रममा सरकारले लिएको दमन नीतिको विरुद्ध यसले मङ्सिर १५ को अङ्कमा 'बढ्दै गएको निरङ्कुशता' शीर्षकमा सम्पादकीय लेखेको छ। त्यस्तै, अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको उपलक्ष्यमा भएको शान्तिपूर्ण प्रदर्शनमा सरकारी हस्तक्षेपको विरुद्ध मङ्सिर २६ को अङ्कमा 'चरम मानवअधिकार उल्लङ्घन' शीर्षकमा सम्पादकीय लेखेको पाइन्छ। नेपाल मजदूर किसान पार्टी (नेमकिपा) को भक्तपुर-काठमाडौँको मार्चपासको सन्दर्भमा लेखिएको 'नेमकिपा प्रतिबद्ध कार्यकर्ता' (पुस २८), माघ २६ मा हुनलागेको नगरपालिकाको चुनाव बिगार्न माओवादीले सशक्त पार्दै लगेको सशस्त्र आक्रमणको सन्दर्भमा लेखिएको 'माओवादीको व्यापक बन्दै गएको आक्रमण', चैत २४ देखि चार दिनसम्म सात दलहरूले गर्न लागेको शान्तिपूर्ण आम हड्तालमा सरकारले लिएको दमन

नीतिको विरुद्धमा लेखिएको 'सरकारको दमन शैली' (चैत २४), आन्दोलन उत्कर्षमा पुग्न लाग्दासमेत दलहरू एउटै मागमा आउन नसकेको सन्दर्भमा लेखिएको 'आन्दोलन एउटै मागमा आउनु पऱ्यो' (२०६३ वैशाख १), २०६३ साल वैशाख १ मा नयाँ वर्षको उपलक्ष्यमा तत्कालीन राजा ज्ञानेन्द्रको सन्देश आउनासाथ त्यसैलाई दलहरूले वार्ताका लागि बोलाएको आह्वान सम्झेर अगाडि बढ्लान् भनी नागरिक समाजले गराएको सतर्कतासम्बन्धी लेखिएको 'जनता अझै अगाडि' (२०६३ वैशाख २), काठमाडौं उपत्यकाका नेवारहरू पनि नेवाः स्वशासनसँग सम्बन्धित विभिन्न मागहरू राखेर आन्दोलनमा उत्रिएको विषयमा लेखिएको 'नेवारहरू पनि आन्दोलनमा उत्रिए' (वैशाख ४) र तत्कालीन राजा ज्ञानेन्द्रले शाही सम्बोधनमार्फत प्रतिनिधि सभालाई पुनःस्थापित गराएको सन्दर्भमा लेखिएको 'पुनःस्थापित जनताको शक्ति' (२०६३ वैशाख १२) आदिलाई यस सन्दर्भमा उल्लेखनीय मान्न सकिन्छ ।

*सन्ध्या टाइम्स*ले दलहरूले अगाडि सारेका हरेक आन्दोलनका कार्यक्रमहरूलाई समर्थन गर्दागर्दै पनि आमजनजीवनमा असर पार्ने तथा विद्यार्थीहरूको भविष्यसँग खेलवाड गर्ने कार्यक्रमप्रति भने चिन्ता पनि व्यक्त गरेको छ । यस्ता कार्यक्रमको साटो अर्कै कार्यक्रम ल्याउनुपर्ने सुझावसमेत दिइएका सम्पादकीय पनि यस पत्रिकामा प्रकाशित छन् । २०६२ माघ २४ मा को 'बन्दको विकल्प' र फागुन २९ को 'नाकाबन्दी फिर्ता लिनुपर्छ' यसका उदाहरण हुन् ।

*देशय्मरु भ्याः* साप्ताहिकले पनि "प्रजातन्त्रमा सभ्य ढङ्गले विरोध गर्नु तमाम तप्का र वर्गको संवैधानिक हक अधिकार हो" (देशय्मरु भ्याः २०६२ग : २) भन्दै सात राजनीतिक दलले गरिरहेको लोकतान्त्रिक आन्दोलनलाई जायज ठहऱ्याएको छ । यद्यपि वार्तालाई जोड दिँदै यसले भनेको छ :

> शान्ति र प्रजातन्त्रका लागि देशभरि शान्तिपूर्ण आन्दोलन भइरहेका छन् । यस्तो आन्दोलन भड्किन नपाएको अवस्थामै सरकारले निकास खोज्नुपर्छ । प्रजातन्त्रमा वार्ताको विकल्प छैन । जानाजान भिडन्त हुने अवस्था कुनै पनि पक्षले आउन दिनु हुँदैन । त्यस्तो अवस्था आउन दिन खोज्ने राष्ट्रवादी पनि होइन, प्रजातन्त्रवादी पनि होइन (देशय्मरु भ्याः २०६२घ : २) ।

सरकारले लगाएको कर्फ्यूको अवज्ञा गर्दै लाखौँको सङ्ख्यामा जनता सडकमा ओर्लेर आन्दोलन चर्काइरहेको अवस्थामा समेत यसले "यो आन्दोलन संसदवादी सात दलहरूको नियन्त्रणभन्दा बाहिर नगएको अवस्थामै सत्तापक्षले वास्तविक

जनचाहना बुझ्नु पर्दछ ... शान्तिपूर्ण सफल अवतरणतिर राज्यसत्ता अगाडि बढ्नुपदर्छ” (देशयुमरु भ्याः २०६३ : २) भनी शान्ति र प्रजातन्त्र पुनर्बहालीमा निरन्तर जोड दिएको छ ।

यसरी *देशयुमरु भ्याः*को आन्दोलन (सभा, जुलुस, बन्द, प्रदर्शन) सम्बन्धी सम्पादकीयको मूल विषय ‘शान्ति, स्थिरता, संवाद वा वार्ता’ रह्यो । साथै *देशयुमरु भ्याः*ले देशमा व्याप्त राजनीतिक अस्थिरता वा गतिरोधको समाधान नेपालको संविधान २०४७ बाटै हुन सक्ने र शान्तिपूर्ण तवर, सामूहिक प्रयासबाट प्रजातन्त्रको पुनःस्थापना हुनुपर्ने कुरामा नै जोड दिँदै आएको पाइन्छ । *अप्सरा* साप्ताहिकले आन्दोलनका कार्यक्रमलाई लिएर ‘राजनीतिक समस्याको समाधान जनताले नै गर्नुपर्छ’ (मङ्सिर २२), ‘प्रजातन्त्रको लागि विदेशी हस्तक्षेप !’ (मङ्सिर २९), ‘विरोध होइन प्रतिकार नै गर्नुपर्छ’ (पुस १३), ‘नेपाल बन्द नै किन ?’ (माघ १२), ‘गणतन्त्रको नारा व्यापक’ (माघ १९), ‘लोकतन्त्रको पक्षमा यो लहर’ (चैत २०), ‘लोकतन्त्र आउनुअघि नै नेवारहरूको माग’ (२०६३ वैशाख ६), ‘२०४६ सालमा जस्तो उत्साह छैन’ (वैशाख १३) आदि आन्दोलनसँग सम्बन्धित सम्पादकीय प्रस्तुत गरेको छ ।

*अप्सरा*ले चुनावको सन्दर्भमा लेखेको ‘विरोध होइन प्रतिकार नै गर्नुपर्छ’ शीर्षकको सम्पादकीयमा “चुनाव विफल पार्न विरोधको बाटो मात्र समात्ने होइन, प्रतिकारै गरेर भए पनि विफल पार्नुपर्छ” (अप्सरा २०६२ख : २) र ‘प्रजातन्त्रको लागि विदेशी हस्तक्षेप’ भन्ने शीर्षकको सम्पादकीयमा “सरकारले आफूलाई आवश्यक पर्ने बेलामा विदेशी सहायता लिनु हुन्छ भने प्रजातन्त्रको लागि विदेशी हस्तक्षेप पनि जायज छ” (अप्सरा २०६२ग : २) भनेको छ । यसै सन्दर्भमा यसले आफ्नो माघ १९ को अङ्कमा ‘गणतन्त्रको माग व्यापक’ भन्ने शीर्षकको सम्पादकीयमा यस्तो विचार व्यक्त गरेको छ :

> आजभोलि नजरबन्दको रूपमा रहेका एमाले महासचिव माधवकुमार नेपालले नेपालमा अहिले गणतन्त्रबाहेक अन्य कुरा राजनीतिक एजेण्डा हुन नसक्ने भनिसक्नुभएको छ भने काँग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले पनि संविधानसभाको चुनाव नगरिकन नेपालमा शान्ति स्थापना हुन नसक्ने कुरा स्पष्ट गरिसक्नुभएको छ। ... तत्काल विस्फोटक स्थिति नभए पनि भित्रभित्रै गणतन्त्रको आगो सल्किरहेको निश्चित देखिसकेको छ (अप्सरा २०६२क : २) ।

*लायकू* पाक्षिक पत्रिकाले आन्दोलन र त्यससम्बन्धी कुनै विशेष घटना वा विषयलाई आफ्नो सम्पादकीय बनाएको छैन । यद्यपि यसले फागुन १६ को अङ्कमा

माओवादीले गरेको नेपाल बन्दलाई लिएर 'जनता पीडित हुनुहुँदैन' भन्ने शीर्षकमा सम्पादकीय भने लेखेको छ। त्यसमा उल्लेख छ :

> राष्ट्रको आर्थिक स्थिति जर्जर भइरहेको र आम नेपाली जनता अत्यधिक महँगीको कारणले जीवनयापन गर्न समेत असमर्थ भइरहेको बेलामा यस्तो कार्यक्रमबाट आमजनता अझ मर्माहत हुने कुरामा शङ्का छैन। यस्तो कार्यक्रममा संसदवादी राजनीतिक पार्टीहरूको पनि सहमति छ भने स्थिति झन् नै अराजक हुने कुरामा शङ्का छैन, साथै आन्दोलनरत राजनीतिक पार्टीहरू पनि राज्य विद्रोहीहरूको कार्यक्रमका सहयात्री हुन जाने कुरामा शङ्का छैन (लाय्कू २०६२क : २)।

आन्दोलनको सन्दर्भमा *लाय्कू* पत्रिकाको विचार पहिला सकारात्मक थिएन। तर आन्दोलनमा नेवारहरूले पनि भाग लिएपछि यो खबरपत्रिकाको विचार पनि सकारात्मक भएको देखिन्छ। यद्यपि यसले परिवर्तित राजनीतिक सन्दर्भको दृष्टिले भन्दा पनि नेवारहरूको जातीय, भाषिक हक अधिकारको दृष्टिकोणले मात्र आन्दोलनलाई समर्थन गरेको हो। यसले 'नेवारहरूको माग' भन्ने शीर्षकको सम्पादकीयमा भनेको छ :

> सात राजनीतिक दलहरूले मुलुकमा राजनीतिक परिवर्तन ल्याउन गरिएको आन्दोलनले एउटा निचोड ल्याउन सफल भइसकेको छ। यो आन्दोलनमा नेपालको आदिवासी तथा जनजातिसहित काठमाडौं उपत्यकाका मूलवासी नेवारहरूले पनि आफ्ना भिन्दै मागहरू लिएर यो आन्दोलनमा उत्रिएका हुन्। आफ्नो जातीय र भाषिक अधिकारको लागि लोकतान्त्रिक सरकारको आवश्यकतालाई ध्यानमा राखेर यसरी सबै नेवारहरू एकजुट भएर सडकमा उत्रिएको कुरालाई अति उचित र समसामयिक कदमको रूपमा बुझिनु पर्दछ (लाय्कू २०६३ : २)।

### *चुनावबारे*

*सन्ध्या टाइम्स*ले चुनावलाई लिएर धेरै सम्पादकीय लेखेको छ। हुन पनि अध्ययनले समेटेको अवधिमा *सन्ध्या टाइम्स*मा लेखिएका कुल सम्पादकीयमध्ये १६ ओटा यसै विषयसँग सम्बन्धित छन्। सम्पादकीयमा व्यक्त विचारलाई हेर्ने हो भने यो पत्रिका चुनावको विपक्षमा देखिन्छ। अझ भन्ने हो भने नगरपालिकाको चुनावलाई विथोल्ने मिसनमा यो पत्रिका लागेको देखिन्छ। *सन्ध्या टाइम्स*को विभिन्न मितिका सम्पादकीयका निम्न उदाहरणहरूले यस कुराको पुष्टि गर्छ :

> दिनानुदिन हिंसामा अल्झिरहेको नेपालमा फेरि एकपटक हिंसा भड्किने अवस्था आउन नदिने हो भने सरकारले घोषणा गरेको चुनाव अगाडि नै प्रजातन्त्र पुनःस्थापना गरेर माओवादीसँग सबै प्रमुख दल समाविष्ट भएको अन्तरिम सरकार बनाएर संविधान सभाको चुनाव गराएर मात्र नयाँ संविधान बनाउनेतिर अगाडि बढ्नुपर्छ (सन्ध्या टाइम्स २०६२ग : २)।

> सरकारले माघ २६ गते गर्ने भनी घोषणा गरिएको नगर निर्वाचनको लागि हिजो उम्मेदवारी दिने मितिमा देशभरिको निर्वाचन कार्यालयमा जुन किसिमको अवस्था देखापर्‍यो त्यसलाई देखेर पनि सरकारले निर्वाचनसम्बन्धी विचारमा परिवर्तन नल्याउने हो भने सरकार आत्महत्यातिर उन्मुख भइरहेको पुष्टि भयो भन्दा पनि हुन्छ (सन्ध्या टाइम्स २०६२घ : २)।

> सरकारले ठूलो मूल्य चुकाएर भए पनि गर्छु भनेर तयार गरिरहेको नगर निर्वाचन आज भइरहेको छ। राजाको लागि ठूलो प्रतिष्ठाको विषय बनिरहेको यो जस्तो विडम्वनापूर्ण चुनाव नेपालको इतिहासमा कहिले भएको छैन, न पछि नै कहिले हुने सम्भावना छ (सन्ध्या टाइम्स २०६२ङ : २)।

> शाही सरकारले घोषणा गरेको नगरपालिकाको चुनाव सम्पन्न भएको छ। ... देशभरि जम्मा २० प्रतिशत जनताले मात्र भोट खसालेको कारण बाँकी जनताले चुनाव बहिष्कार गरेको देखिएको छ। यो चुनाव भनेको सरकारको वैधता खोजिएको प्रयास भएको कारणले ८० प्रतिशत जनताले सरकारलाई वैधता दिन अस्वीकार गरेको छ (सन्ध्या टाइम्स २०६२चः २)।

यसरी *सन्ध्या टाइम्स* पत्रिकाले चुनाव सुरु हुनुअघि, चुनावको बीच र यसको परिणाम आइसकेपछि समेत लगातार विपक्षमा सम्पादकीय छापेर त्यसविरुद्ध जनमत निर्माण गर्न सघाउ पुर्‍याएको थियो।

*देशयूमरु भ्याः*ले चुनावलाई लिएर भिन्दै सम्पादकीय लेखेन। यद्यपि यसले पुस १४ को अङ्कमा 'समस्या समाधानको बाटो' भन्ने शीर्षकको सम्पादकीयमा "प्रजातन्त्रको मूल आधार निर्वाचन हो। नेपालको कुनै पनि संसदवादी पार्टीले निर्वाचनमा भाग लिन्न भनेको छैन, मात्र शान्तिपूर्ण वातावरणको ग्यारेण्टीको माग गरेको छ" (देशयूमरु भ्याः २०६२ङ : २) भनी चुनावसम्बन्धी आफ्नो धारणा व्यक्त गरेको छ। चुनाव सम्पन्न भएको भोलिपल्टको अङ्कमा यसले 'अराजकता रोक्न वार्ता' भन्ने शीर्षकको सम्पादकीयमा भनेको छ :

> प्रजातन्त्रमा आवधिक निर्वाचन अनिवार्य विषय हो। तर निर्वाचन विधिसम्मत ढङ्गले हुनुपर्छ। पूर्वघोषित हिजो सुरु भएको निर्वाचनले देशभरिका सबै नगरपालिकामा उम्मेदवार नभएर सम्पन्न गर्न सकेको छैन। बाँकी भएको नगरपालिकाको निर्वाचन पछि गर्ने घोषणा निर्वाचन आयोगले गरिसकेको छ। यस कुराले पनि वर्तमान राजनीतिक द्वन्द्व समाधानको बाटो हुन नसक्ने देखिन्छ (देशय्मरु भ्याः २०६२च : २)।

त्यस्तै, *अप्सरा* साप्ताहिकले आफ्नो माघ ५ को अङ्कमा 'जनताले स्वतन्त्र निर्णय दिनुपर्छ' भन्ने शीर्षकको सम्पादकीयमा चुनावमा भोट हाल्ने, नहाल्ने कुराको निर्णय जनताले स्वविवेकले गर्नुपर्ने कुरा उठाइएको छ भने माघ १२ को 'नेपाल बन्द नै किन' भन्ने शीर्षकको सम्पादकीयमा शाही सरकारले गर्न लागेको नगर निर्वाचनको विपक्षमा नेपाली जनता छ भन्ने कुरा देखाउनलाई नै नेपाल बन्द गर्नु परेको उल्लेख गरेको छ। यसरी यो पत्रिका पनि यो निर्वाचनका विपक्षमा उभिएको छ।

*लाय्कू* पाक्षिक पत्रिकाले नगरपालिकाको चुनावको विषयलाई विशेष प्राथमिकता दिएर सम्पादकीय लेखेको छ। यस पत्रिकामा लेखिएका लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित १५ सम्पादकीयमध्ये चुनावसम्बन्धी मात्रै सात ओटा छन्। अर्थात् यस पत्रिकामा प्रकाशित कुल सम्पादकीयमध्ये ४७ प्रतिशत 'सम्पादकीय' चुनावी विषयका मात्र छन्।

चुनावसम्बन्धी यस खबरपत्रिकाको धारणा अन्य तीन पत्रिकाको भन्दा बेग्लै छ। अर्थात् यस पत्रिकाले संविधानअनुसार हुन लागेको चुनावमा प्रश्न उठाउन नपाइने, प्रजातान्त्रिक पद्धतिअनुसार हुन लागेको चुनावमा राजनीतिक दलहरूले भाग लिएर राजनीति गर्नुपर्ने, आमजनताको मताधिकार कुण्ठित गर्न नहुने आदि धारणा राख्दै चुनावको पक्षमा उभिएको छ। यद्यपि चुनाव सम्पन्न भैसकेपछि फागुन १ को अङ्कमा यो पत्रिकाले 'सम्पन्न निर्वाचनले दिएको ज्ञान' शीर्षकको सम्पादकीयमा निर्वाचन आयोगको कमी कमजोरीलाई यसरी औँल्याएको छ :

> कुनै पनि चुनाव सफल हुनका निम्ति कति मतदान हुनुपर्छ भन्ने कुरा स्पष्ट नभएको कारण अहिले सम्पन्न चुनावमा जम्मा आठ ओटा मत खसेर पनि विजयी भएको घोषणा भएको छ। यसरी कम मतदान भएकोलाई कुनै पनि हालतमा प्रजातान्त्रिक अभ्यास हो भनेर स्वीकार्न सकिँदैन। प्रजातान्त्रिक स्वायित्वको लागि निर्वाचन पद्धति आवश्यकताअनुसार संशोधन हुनुपर्ने अपरिहार्यतालाई यस चुनावले देखाएको छ (लाय्कू २०६२ख : २)।

यद्यपि यसबाट सो पत्रिकाले अन्य तीन पत्रिकाले झैँ शाही सरकारले गराएको चुनावकै विपक्षमा नभएर केही प्रक्रियागत पक्षसँगमात्र असन्तुष्टि प्रकट गरेको छ ।

### *आन्दोलनमा नेवार सहभागिताबारे*

नेपाल भाषाबाट प्रकाशित हुने भए पनि आन्दोलनमा नेवार सहभागितालाई लिएर उल्लिखित खबरपत्रिकाहरूले कमै मात्र लेखेका छन् । नेवाः राष्ट्रिय आन्दोलन गुथिको आयोजनामा भएको एउटा छलफल कार्यक्रममा सहभागीहरूले हस्ताक्षर गरेर माघ ९ मा निकालेको 'नगर निर्वाचन बहिष्कार' सम्बन्धी विज्ञप्ति नै सम्भवतः आन्दोलनमा नेवारहरूको पहिलो प्रत्यक्ष संस्थागत सहभागिता हो । सरकार र आन्दोलनरत दलहरूले समेत शक्ति परीक्षणको रूपमा लिइरहेको नगर चुनाव बहिष्कारसम्बन्धी यो विज्ञप्ति नेपालभाषाका खबरपत्रिकाहरूका लागि महत्त्वपूर्ण विषय हुनुपर्ने हो तर यस्तो भएको देखिँदैन । यो विज्ञप्तिलाई *सन्ध्या टाइम्स*ले माघ ९ को अङ्कमा समाचारको रूपमा सम्प्रेषण गरेको छ । तर यसलाई लिएर *सन्ध्या टाइम्स*ले सम्पादकीय भने लेखेन । *देशयूमरु भ्याः* तथा *अप्सरा* साप्ताहिकले पनि यस विषयमा सम्पादकीय लेखेनन् । यो आह्वानलाई लिएर *लायकू* पाक्षिकले मात्र फागुन १ को अङ्कमा 'नेवारहरूको माग' शीर्षकमा सम्पादकीय लेखेको छ ।

यस्तै २०६३ वैशाख २ देखि नेवारहरू सङ्गठित रूपमा नै सडक आन्दोलनमा उत्रिएका थिए । तर नेवारहरूले सङ्गठित रूपमै सडक आन्दोलनमा भाग लिइसकेपछि पनि उल्लिखित चार खबरपत्रिकामध्ये *सन्ध्या टाइम्स*ले वैशाख ४ को अङ्कमा 'उत्रिए नेवारहरू पनि' भन्ने शीर्षकमा र *अप्सरा* ले वैशाख ६ को अङ्कमा 'लोकतन्त्र आउनुअघि नै नेवारहरूको माग' शीर्षकमा सम्पादकीय लेखेको पाइन्छ । हुन त *लायकू* पाक्षिक पत्रिका भएकोले योबारे सम्पादकीय लेखेकै भए पनि समसामयिक नहुन सक्थ्यो । किनभने यसको दोस्रो अङ्क वैशाख १६ मा मात्र निस्कन्थ्यो । *देशयूमरु भ्याः*ले यससम्बन्धी आफ्नो धारणा वैशाख ७ को अङ्कमा दिन सक्थ्यो । तर उक्त अङ्कमा यसले 'आन्दोलनमा भारतको चिन्ता' तथा 'आमहड्तालमा पुनःविचार' शीर्षकमा अर्कै विषयका सम्पादकीय लेख्यो ।

उल्लिखित खबरपत्रिकाहरूले प्रस्तुत गरेका सम्पादकीयको आधारमा भन्ने हो भने लोकतान्त्रिक आन्दोलनको सन्दर्भमा यी खबरपत्रिकाहरूको धारणा भिन्न भिन्न रहे । *सन्ध्या टाइम्स* र *अप्सरा*ले लोकतान्त्रिक आन्दोलनलाई पूर्ण समर्थन गरेर गणतन्त्रको पक्षमा आफ्नो धारणा राख्यो भने *देशयूमरु भ्याः*ले भने शान्तिपूर्ण आन्दोलनको मात्र बढी वकालत गरिरह्यो । गणतन्त्र, संविधानसभा

आदिका बारेमा यसले स्पष्ट धारणा व्यक्त गरेन। *लायक्‌* पाक्षिक मूलतः तत्कालीन सरकारकै पक्षमा उभियो। यद्यपि लोकतान्त्रिक आन्दोलनमा नेवारहरूको पनि संस्थागत सहभागिता बढ्दै गएपछि भने यो पत्रिकाले पनि आफ्नो दृष्टिकोणमा केही परिवर्तन ल्यायो।

## विचार लेख

उल्लिखित पत्रिकाहरूमा लोकतान्त्रिक आन्दोलनबारे के कस्ता लेखरचनाहरू आए भन्नेबारे अब विश्लेषण गरौँ।

*सन्ध्या टाइम्स* सन्ध्याकालीन दैनिकबाहेक अन्य तीन पत्रिकामा लोकतान्त्रिक आन्दोलनबारे विविध लेखकका लेखरचनाहरू समाविष्ट भएको देखिँदैन। *सन्ध्या टाइम्स*मा मात्र २७ जना लेखकका ११० ओटा विचार लेखहरू लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित थिए। तर *देशय्‌मरु भ्या:* साप्ताहिकमा लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित जम्मा तीन जना लेखकका २२ ओटा विचार लेख मात्र समावेश छन्। यीमध्ये पनि १९ ओटा लेख यसै पत्रिकाका सम्पादक प्रदीपमान श्रेष्ठले लेखेका हुन्। ती लेखहरू २०४६ सालको आन्दोलनको अगुवाइ गर्नुहुने तथा प्रजातन्त्रका पिताको नाममा चर्चित गणेशमान सिंहले विभिन्न सन्दर्भमा व्यक्त विचारहरूलाई उद्धरण गर्दै 'सिंहवाद' का नाममा लेखिएका छन्। अन्य दुई लेख पनि यसै पत्रिकाका उप-सम्पादक सुगतरत्न सिन्दुराकारले लेखेका छन् र अर्को एउटा लेख 'विधिको राज्यमा प्रविधिको हैकम देखियो' शीर्षकमा *देशय्‌मरु भ्या:* का संवाददाताको नाममा लेखिएको छ। यसैले यो पत्रिकाले लोकतान्त्रिक आन्दोलनको सन्दर्भमा बाहिरका लेखकका विचारहरूलाई समावेश गर्न सकेको देखिँदैन।

*अप्सरा* साप्ताहिकमा पनि कुल प्रकाशित १८ ओटा लेखमध्ये पाँच ओटा लेख विभिन्न तीन जना लेखकको नाउँमा प्रकाशित छन् भने अन्य १३ ओटा लेखहरूमा लेखकको नाम उल्लेख छैन। त्यसैले ती लेखहरू यसै पत्रिकाका सम्पादकद्वारा लेखिएको लख काट्न सकिन्छ।

*लायक्‌* द्वैभाषिक पाक्षिक पत्रिकामा लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित एउटा मात्र लेख प्रकाशित भएको छ। मुकुन्दकृष्ण नेवाः 'हेटौँडा' द्वारा 'आन्दोलनमा नेवारहरू किन उत्रिने ?' शीर्षकमा लेखिएको सो लेख २०६३ वैशाख १ को अङ्कमा प्रकाशित छ। यसरी लोकतान्त्रिक आन्दोलनको सन्दर्भमा यी चार खबरपत्रिकामध्ये *सन्ध्या टाइम्स*बाहेक तीन ओटा खबरपत्रिकाहरूले बाहिरका लेखकका विचारहरू समेट्न सकेनन्। यसैले यी पत्रिकाहरूमा आएका लेखहरूका

आधारमा भन्नुपर्दा विविध क्षेत्रका विचार नभई सम्पादककै धारणा पस्किए । अब विचार लेखबारे विषयगत विश्लेषण गरौँ ।

### *१२ बुँदे सहमतिबारे*

एक दशक अघिदेखि जारी आन्तरिक द्वन्द्व तथा हत्या, हिंसा र अस्थिर राजनीतिबाट दिक्क भैसकेका नेपालीमा १२ बुँदे सहमतिले एउटा नयाँ आशा जगाइदियो । यसैले यो सहमतिको विषयमा धेरै विचार लेख आउनुपर्ने हो तर यस्तो भएको देखिँदैन ।

हुन त उल्लिखित खबरपत्रिकाहरूमा प्रकाशित लेखरचनाहरूमा सहमतिसम्बन्धी केही चर्चा परिचर्चा नै नभएको होइन तर यही विषयमा केन्द्रित रहेर भने त्यति लेखिएनन् । सहमतिबारे एउटा लेख *सन्ध्या टाइम्स*मा छापिएको छ । 'दल-माओवादीको समझदारीले देखाएको सङ्केत' शीर्षकमा छापिएको यो लेखमा लेखकले "तीन ध्रुवमा विभाजित भएर अनिर्णयको बन्दी बनिरहेका राजनीतिक स्थितिलाई यो दल-माओवादी समझदारीले 'आइसब्रेक' गरिदिएको छ । यसले गर्दा देश दुई राजनीतिक ध्रुवमा विभाजित भएर जाने देखिएको छ । यो भनेको नै देशको वर्तमान राजनीतिक समस्या चाँडै समाधान हुन लागेको सङ्केत हो" (शाक्य २०६२ : २) भन्ने अभिव्यक्ति दिएका छन् ।

### *नगरपालिका चुनावबारे*

माघ २६ गते हुने भनिएको स्थानीय नगर चुनावलाई उपत्यकावासीले कसरी उपयोग गर्ने हुन् भन्ने विषयमा पनि आन्दोलनकारी दल तथा तत्कालीन सरकारले बढी चासो राखेका थिए । यसैले पनि विविध लेखकका लेख रचनाहरूलाई समेट्न सफल *सन्ध्या टाइम्स*मा विशेष गरी नगर चुनावसम्बन्धी लेखरचनाहरू बढी आएको छ । सीमाङ्कनको समयमा मात्र *सन्ध्या टाइम्स*मा कुल प्रकाशित लेखमध्ये २२ ओटा यही विषयका छन् ।

लोकतन्त्रको मूल आधार निर्वाचन हो । यद्यपि आमजनताको भावनालाई तिरस्कार गरेर तत्कालीन सत्ताले आफ्नो स्वार्थपूर्तिका लागि गराउन लागेको निर्वाचनको सान्दर्भिकता नहुनु पनि स्वाभाविक हो । सायद यसैले पनि माघ २६ मा हुन लागेको नगर चुनावको सन्दर्भमा विभिन्न लेखकहरूले आलोचनात्मक धारणा राखेका छन् । पवित्रमान नकःमि लेख्छन्, "यो (चुनाव) एउटा नाटक मञ्चन मात्र भएको कारण सरकारको वैधता खोजिरहेको यो चुनावलाई बहिस्कार गरेर असफल गर्नु नै जनताको विजय हो" (नकःमि २०६२ : २) । त्यस्तै नरेशवीर शाक्यको धारणा छ, "जनताले निर्वाचन आयोगको इनापमा

मतदानमा भाग लिने हो वा दलहरूको अनुरोधमा बहिस्कार गरिने हो भन्ने कुरा मतदान हुने दिनमा मात्र थाहा हुनेछ । मतदान बहिस्कार गर्ने वा भाग लिने यो दुवै कुरा जनताको अधिकारको कुरा हो" (शाक्य २०६२ : २) ।

*सन्ध्या टाइम्स*मा आएका चुनावबारेका लेखलाई समष्टिमा हेर्ने हो भने धेरैजसो लेखकले चुनावलाई बहिष्कार नै गर्नुपर्ने, चुनावबाट नेपालीको इच्छा, आकाङ्क्षा पूरा नहुने आदि विचार नै अभिव्यक्त गरेका छन् ।

## *आन्दोलनबारे*

विभिन्न दल र सरकारसँग आबद्ध नेवार नेता तथा कार्यकर्ताहरूले आन्दोलनबारे पहिलेदेखि नै आ-आफ्नो विचार व्यक्त गर्दै आएका थिए । तर दलहरूले नेवारहरूको राष्ट्रिय सङ्गठन 'नेवा: देय् दबू' सँग अन्तर्क्रिया, 'धर्मोदय सभा' सँग छलफल र 'नेवा: राष्ट्रिय आन्दोलन' ले आन्दोलनलाई समर्थन गरेपछि नै आन्दोलनसम्बन्धी लेखहरू बढी मात्रामा देखा पर्न थालेका हुन् । जस्तो कि, 'आन्दोलन अब सफल हुने हो कि ?' (चैत २५), 'आन्दोलन कि जनविद्रोह ?' (चैत ३०), 'लोकतान्त्रिक आन्दोलनमा जनजातिको मुद्दा' (चैत ३१) र 'आन्दोलनको अवसर आइरहेको छ' (चैत ३१), 'आन्दोलनमा काठमाडौं उपत्यकाको सहभागिता' (२०६३ वैशाख १) आदि लेखहरू *सन्ध्या टाइम्स*मा देखा परेका छन् । *देशय्मरु भ्या:* साप्ताहिकमा पनि 'जनआन्दोलनलाई सकारात्मक उर्जाको रूपमा लिनुपर्छ' (चैत ३१), 'जनविद्रोह हुनुअघि अपनाउनु पर्छ सिहंवाद - ५७९' (वैशाख ७) आदि प्रकाशित भएका छन् । यसरी नै *अप्सरा* साप्ताहिकमा पनि 'आन्दोलनले माओवादीलाई नि:शस्त्र बनायो' (चैत ३०), 'जनताको शक्ति सबैभन्दा माथि' (वैशाख १३) शीर्षकमा लेखहरू प्रकाशित भएका छन् । *लायकू* पाक्षिकमा पनि 'आन्दोलनमा नेवारहरू किन उत्रिने ?' (२०६३ वैशाख १) शीर्षकमा लेख प्रकाशित छ ।

## *आन्दोलनमा नेवार सहभागिताबारे*

उल्लिखित खबरपत्रिकामध्ये *सन्ध्या टाइम्स*मा चुनाव र आन्दोलनको सन्दर्भमा नेवारहरूलाई अलगै राखेर लेखिएका लेखहरू थुप्रै प्रकाशित भएका छन् । तर *देशय्मरु भ्या:*मा 'नेवार सार्थक अभियानमा सिंहवाद' (२०६३ वैशाख १४) र *लायकू*मा 'आन्दोलनमा नेवारहरू किन उत्रिने ? (२०६३ वैशाख १) शीर्षकका एक/एक ओटा लेख मात्रै प्रकाशित भएका छन् । तर *अप्सरा*मा आन्दोलनको सन्दर्भमा नेवारहरूलाई अलगै राखिएको छैन ।

नगर चुनावमा नेवारहरूले भाग लिने वा नलिने भन्नेबारे नरेशवीर शाक्य आफ्नो धारणा यसरी व्यक्त गर्छन् :

> राजनीतिक दलहरूको सङ्कीर्णताको कारणले नेवारहरू विभाजित भइरहेका छन् भन्ने अर्को विश्लेषण पनि छ। कसैको राजनीतिक उद्देश्य पूर्तिको लागि काठमाडौँ उपत्यकावासीहरू फेरि प्रयोग हुन जाने कुरामा चिन्तित हुनुपर्छ। निरङ्कुशताको विरोधका नाममा आफ्ना अधिकार प्राप्तिको कुरामा अगाडि बढ्नेहरूलाई जवर्जस्ती अवरोध पुऱ्याउनु पनि अर्को निरङ्कुश काम हुने कुरा सम्बन्धित निकायहरूले चिन्तन गर्नुपर्छ (शाक्य २०६२क : २)।

राज्यको पुन:संरचनाका लागि लोकतान्त्रिक आन्दोलनप्रति नेवार समुदायलाई आवद्ध गराउन नेवारहरूप्रति राज्य संयन्त्रले गरेको पक्षपातलाई सम्झाउँदै लेख लेखिएको छ। त्यसमा कसैले नेपाल भाषालाई स्थानीय निकाय (महानगरपालिका) मा कामकाजी भाषाका रूपमा प्रयोग नगर्न सर्वोच्चले रोक लगाएको र त्यही आधारमा २०४७ सालको संविधानमा खोट रहेको भन्दै नयाँ संविधानका लागि नेवारहरू आन्दोलनमा आउनुपर्ने बताएका छन् (शाक्य २०६२क)। कसैले भने यो सन्दर्भसहित विगतका लोकतान्त्रिक आन्दोलनमा नेवार समुदायले गरेका वलिदानीको कदर नभएको र सधैँ उपेक्षित हुन परेका कारण यस समुदायमा निराशा छाएको र आन्दोलनमा आउन नसकेको उल्लेख गरेका छन् (नेवा: २०६३ : २)। यस्तै कारणबारे बारबरा एडम्स लेख्छिन् :

> यो कोणबाट हेर्दा २०४६ को र अहिलेको आन्दोलन भिन्न देखिएको छ। अहिले कीर्तिपुरलाई छाडेर अन्यत्रको आन्दोलनमा नेवारहरूको सहभागिता नगण्य छ। आन्दोलन चर्केका क्षेत्रहरू गोंगबु, कलङ्की र चावहिलमा भएको प्रदर्शनमा नेवार-अनुहारको कम मात्रामा मात्र झलक देखापर्दछ। नेवारहरूले यो आन्दोलनमा व्यापक सहभागिता नजनाउनुको पछाडि सम्भवत: एउटै मात्र कारण लुकेको छ, त्यो हो - जनआन्दोलनमा निर्णायक मोड दिन सफल यो समुदायलाई आन्दोलनपश्चात बनेको सरकारहरूले पाखा लगाउनु (एडम्स २०६३ : २)।

कसैको धारणा सबैलाई सोलोडोलो रूपमा सहभागी भएनन् वा समर्थन गरेनन् भनेर भन्न नमिल्ने हुन्छ, किनकि नेवार पनि अरू जातजाति जस्तै विभिन्न पक्षमा विभाजित छन्। कोही भाग लिन्छन् र कोही तटस्थ वा आन्दोलनका

विरोधी विचार राख्छन्, त्यसलाई त्यही रूपमा बुझ्नुपर्ने तर्क पनि गरिएको छ (श्रेष्ठ २०६३ : २) ।

वास्तवमा उल्लिखित खबरपत्रिकामध्ये *सन्ध्या टाइम्स*मा मात्र लोकतान्त्रिक आन्दोलनको सन्दर्भमा नेवार लेखकहरूका भिन्दाभिन्दै धारणाका रचनाहरू प्रकाशित भएका छन् । ती रचनाहरूमा लोकतान्त्रिक आन्दोलनमा सहभागी हुनुपर्ने आग्रह, अनुरोध तथा संशय र लोकतान्त्रिक आन्दोलनमा नेवारहरूको सहभागिता भएन भन्ने सन्दर्भमा विमति पनि आएका छन् । आन्दोलन उत्कर्षमा पुग्दै जाँदा जब नेवारहरू पनि सङ्गठित रूपमै सहभागी भए तबमात्र यो संशय केही हदसम्म निवारण भएको देखिन्छ ।

हुन त हरेक मानिसको आ-आफ्नै विचार तथा धारणा हुन्छ । नेपालका धेरै जसो जातजातिलाई नश्लअनुसार छुट्ट्याउन सकिँदैन पनि । यसैले आन्दोलनमा यो जाति सहभागी भएन, यो जाति सहभागी भयो भन्न सकिने अवस्था छैन । र यसरी छुट्ट्याउनु पनि हुँदैन । त्यसैले लोकतान्त्रिक आन्दोलनमा नेवारहरूको सहभागितालाई लिएर जुन चर्चा, परिचर्चा भएको छ, त्यो आफैँमा विवादको विषय पनि बनेको छ ।

## निष्कर्ष

अध्ययनको बेला उल्लिखित चार पत्रिकाहरूलाई विभिन्न राजनीतिक धार बोकेका पत्रिकाहरूको रूपमा लिने गरिन्थ्यो । *सन्ध्या टाइम्स*लाई मूलतः वामविचार धारा बोकेको पत्रिकाको रूपमा लिइने गरिन्थ्यो । *देशयूमरु झ्याः* लाई नेपाली काँग्रेस र अझ देउवा प्यानलको नजिक मानिन्थ्यो । त्यस्तै *अप्सरा*लाई पनि वाम विचारसँग नजिक रहेको पत्रिकाको रूपमा लिइने गरिन्थ्यो भने *लाय्कू*लाई दरवार निकट मानिन्थ्यो ।

उल्लिखित पत्रिकामा आएका अधिकांश सामग्रीहरू सतही देखिन्छन् । समाचारहरू प्रायशः दलीय अभिव्यक्ति वा टिपोटको रूपमा देखापरेका छन् । स्थलगत रिपोर्टिङ र विश्लेषणसहितको समाचारको अभाव छ । *सन्ध्या टाइम्स* दैनिकबाहेक साप्ताहिक *अप्सरा, देशयूमरु झ्याः* र *लाय्कू* पाक्षिकमा आएका समाचारहरू समाचार हो कि विचार हो छुट्ट्याउन गाह्रो छ । सम्पादकीयमा दलीय झुकाव बढी देखिन्छ । *सन्ध्या टाइम्स* मूलतः सङ्घीयता र गणतन्त्रको पक्षपाती रहेको देखिन्छ भने *देशयूमरु झ्याः* शान्तिपूर्ण आन्दोलन र प्रजातन्त्रको पुनःस्थापनको पक्षमा उभिएको छ । *लाय्कू* पाक्षिक तत्कालीन अवस्थामा सत्तासिन दरवारकै पक्षमा उभिएर वकालत गरिरहेको देखिन्छ । *अप्सरा*का अधिकांश सामग्रीहरू

बुझिने खालका छैनन् । दोहोरो भाव वा क्लिष्ट भाषामा सम्प्रेषित *अप्सरा*का सामग्रीले आमजनताको सुसूचित हुने अधिकारलाई कुण्ठित तुल्याएको छ ।

यी पत्रिकाहरूको लक्षित समूह भनेको नेवार हुन् । तर उल्लिखित पत्रिकाहरूले आफ्नो लक्षित समूहलाई ध्यानमा राखेर सामग्री पस्कन सकेको देखिँदैन । *सन्ध्या टाइम्स*मा आन्दोलनबारे थुप्रै समाचार, सम्पादकीय तथा विचार लेखहरू आएका छन् । यद्यपि अन्य मूलधारका नेपाली भाषाका पत्रपत्रिकामा आइसकेका सामग्रीहरू नै बढी छापिनुले ती सामग्रीले नेवारहरूलाई के कत्तिको प्रभाव पार्छ विचारणीय देखिन्छ ।

मूलधारका पत्रपत्रिकाले आदिवासी जनजातिका राजनीतिक समाचारलाई प्राथमिकता दिएका छैनन्, अझ भनौँ छापेकै छैनन् भन्ने गुनासो आइरहेकै बेला आफ्नै मातृभाषाका पत्रपत्रिकाहरूमा समेत सोबारे कम मात्र समाचार समेटिएको देखिन्छ । हुन त नेवारहरू पनि सङ्गठित रूपमा आन्दोलनमा उत्रिएपछि त्यसबारे समाचार, विचार लेख नआएका होइनन् तर ती पनि खोजमूलक, विश्लेषण सहितको समाचार नभएर केवल सतही जानकारी दिने खालका मात्र देखिन्छन् । वास्तवमा नेवारहरू पनि विभिन्न पार्टीसँग आवद्ध छन् । त्यस्तै स्वतन्त्र बुद्धिजीवी पनि थुप्रै छन् । यसैले आन्दोलनबारे तिनीहरूको धारणा के कस्तो छ, आन्दोलनमा नेवारहरूको सहभागिता के कसरी हुनु पर्छ आदि विषयमा खोजीनिती गरेर भए पनि समाचार वा विचारहरू सम्प्रेषण गर्न सकिन्थ्यो तर उल्लिखित पत्रिकाहरूमा यस्तो केही आएको देखिँदैन । अझ नेवारहरू सङ्गठित रूपमा आन्दोलनमा उत्रिसकेपछि पनि उल्लिखित पत्रिकाहरूले आन्दोलनमा नेवारहरूको सहभागितालाई लिएर त्यत्ति सम्पादकीय समेत लेखेका छैनन् । वास्तवमा विभिन्न कार्यक्रमको रिपोर्टिङ गरिँदा उक्त कार्यक्रमलाई भन्दा त्यसको उद्घाटन गर्ने मन्त्री, प्रधानमन्त्री र अन्य व्यक्तिलाई महत्त्व दिइएको हुन्छ । शीर्षक पनि त्यही अनुरूपको हुन्छ । धेरैजसो अखबारले राजनीतिक पूर्वाग्रह राखेका छन् (वन्त र अरू २०५९) भन्ने कुरालाई उल्लिखित पत्रिकाहरूले पनि लागू गरिरहेको पाइन्छ ।

## धन्यवाद

यो लेख तयारीका क्रममा विभिन्न मस्यौदामा टिप्पणी गर्नु हुने मार्टिन चौतारीका प्रत्यूष वन्त, शेखर पराजुली, रमेश पराजुली, कोमल भट्ट र हर्षमान महर्जनलाई धन्यवाद छ । शोध लेखनको लागि मार्टिन चौतारीबाट 'चौतारी मिडिया फेलोसीप २००८' प्रदान गरिएको थियो । सो सहयोगका लागि चौतारीलाई धन्यवाद छ । शोधपत्रको मूल खण्ड हेरी आवश्यक सुझाव दिने पत्रकार मित्र कृष्ण श्रेष्ठप्रति कृतज्ञ छु ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज, सं. । २०६१ । *प्रयोगात्मक नेपाली शब्दकोष*। काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अप्सरा । २०६२ । स्थायी शान्ति आः जुजुया ल्हातय् । १५ मङ्सिर, पृ. १ ।

अप्सरा । २०६२क । गणतन्त्रया माग तच्वल । १९ माघ, पृ. २ ।

अप्सरा । २०६२ख । विरोध मखु, प्रतिकार हे यायेमाः । १३ पुस, पृ. २ ।

अप्सरा । २०६२ग । प्रजातन्त्रया लागि विदेशी हस्तक्षेप । ६ पुस, पृ. २ ।

एडम्स, बारबरा । २०६३ । नेवार साथी हो जाग्ने बेला भएन ? *बुधबार*, ६ वैशाख, पृ. २ ।

डंगोल, हरिकृष्ण । २०६५ । लोकतान्त्रिक आन्दोलनय् नेपालभाषा बुखँपौया भूमिका । शोधपत्र, नेपाल भाषा केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर ।

ढुङ्गेल, विनोद । २०६३ । दमन र प्रतिरोधमा स्वतन्त्र रेडियो । *प्रेस स्वतन्त्रता : सङ्कटका एक वर्ष*। शिव गाउँले, सं., पृ. ९३ - १३६ । काठमाडौं : नेपाल पत्रकार महासङ्घ ।

देशय्मरु भ्याः । २०६२ । न्हय्गु दल व माओवादीया न्हापांगु सहमति । ९ मङ्सिर, पृ. १ ।

देशय्मरु भ्याः । २०६२क । बृहत् राष्ट्रिय हितय् छ्यलेमाः । १३ मङ्सिर, पृ. २ ।

देशय्मरु भ्याः । २०६२ख । जनताया सहभागिताया सवाल । ९ मङ्सिर, पृ. २ ।

देशय्मरु भ्याः । २०६२ग । राष्ट्रिय सोचया आवश्यकता । २० माघ, पृ. २ ।

देशय्मरु भ्याः । २०६२घ । संयम व धैर्यता माःगु ई । २३ मङ्सिर, पृ. २ ।

देशय्मरु भ्याः । २०६२ङ । समस्या समाधानया लँपु । १४ पुस, पृ. २ ।

देशय्मरु भ्याः । २०६२च । अराजकता पनेत वार्ता । २७ माघ, पृ. २ ।

देशय्मरु भ्याः । २०६३ । आन्दोलनय् भारतीय च्यूताः । ७ वैशाख, पृ. २ ।

नकःमि, पवित्रमान । २०६२ । राजनीतिक रङ्गमञ्चय् न्हूगु चक्र । *सन्ध्या टाइम्स*, १७ मङ्सिर, पृ. २ ।

नेवाः, मुकुन्दकृष्ण 'हेटौंडा' । २०६३ । आन्दोलनय् नेवाःत छाय् कुहाँ वयेगु । *लाय्कू*, १ वैशाख, पृ. २ ।

पासा । २००९ । पासा (सम्पादकीय) । १(१) : ४ ।

मानन्धर, राजेन्द्र । २०५६ । नेपालभाषा मुद्रण पत्रकारिता : छगू अध्ययन । स्नातकोत्तर शोधपत्र, नेपालभाषा केन्द्रीय विभाग, पाटन संयुक्त क्याम्पस ।

लाय्कू । २०६२ । राजनीतिक पाटी तय्गु सैद्धान्तिक विचलन । १६ मङ्सिर, पृ. २ ।

लाय्कू । २०६२क । जनता पीडित जुइ मज्यू । १६ फागुन, पृ. २ ।

लाय्कू । २०६२ख । सम्पन्न निर्वाचनं ब्यूगु ज्ञां । १ फागुन, पृ. २ ।

लाय्कू । २०६२ग । सकलें जुजु नेपाः लिहांबिज्याइगु प्रतिक्षाय्, संविधानसभां पृथकतावादी ब्वलंकीगु वर्तमान संविधानं हे समस्या समाधान जुइगु । १६ मङ्सिर, पृ.१ ।

लाय्कू । २०६३ । नेवाःतय्गु माग । १६ वैशाख, पृ. २ ।

वज्राचार्य, नातीवज्र । २०६३ । ... ४६ सालया आन्दोलनय् जिगु स्वन्हु । *हिसु* १(१) : ६५ ।

वन्त, प्रत्यूष, रमेश पराजुली र रमा पराजुली, सं. । २०५९ । *मिडियाको अन्तर्वस्तु विविध विश्लेषण* । काठमाडौं : मार्टिन चौतारी ।

शाक्य, नरेशवीर । २०६२ । नगर निर्वाचन व नगरवासी । *सन्ध्या टाइम्स,* २९ पुस, पृ. २ ।

शाक्य, नरेशवीर । २०६२क । निर्वाचन वहिष्कार याना छु दइ ? *सन्ध्या टाइम्स,* ८ पुस, पृ. २ ।

शाक्य, सानुराजा । २०६२ । दल व माओवादी समझदारीं क्यंगु लँपु । *सन्ध्या टाइम्स,* १७ मङ्सिर, पृ. २ ।

शाक्य, सानुराजा । २०६२क । नगर चुनावय् नेवातय्सं छु यायेगु ? *सन्ध्या टाइम्स,* २ माघ, पृ. २ ।

श्रेष्ठ, भगवतीप्रसाद । २००९ । *नेपालभाषा पत्रपत्रिकाया जात:* । कान्तिपुर : नेपालभाषा परिषद् ।

सन्ध्या टाइम्स । २०६२ । चुनावय् निगूलिं पक्षया शक्ति परिक्षण : चुनाव स्यंकेगु लागि भौतिक कारवाही यायेगु बाबुरामया ख्याच्वः । ७ पुस, पृ. १ ।

सन्ध्या टाइम्स । २०६२क । दल माओवादीया सहमति । ९ मङ्सिर, पृ. १ ।

सन्ध्या टाइम्स । २०६२ख । शान्तिपूर्ण मुँज्याय् हस्तक्षेप । ६ मङ्सिर, पृ. २ ।

सन्ध्या टाइम्स । २०६२ग । चुनाव रक्तपातपूर्ण निश्चित । १० पुस, पृ. २ ।

सन्ध्या टाइम्स । २०६२घ । चुनाव विफल जुइगु न्हापांगु सङ्केत । १४ माघ, पृ. २ ।

सन्ध्या टाइम्स । २०६२ङ । थिकेगु वाहियात चुनाव । २६ माघ, पृ. २ ।

सन्ध्या टाइम्स । २०६२च । चुनावं जुजुयात अस्वीकार या:गु दु । २८ माघ, पृ. २ ।

## अनुसूची

**२००९ देखि २०६३ सालसम्म नेपालभाषामा प्रकाशित खबरपत्रिका**

| क.सं. | खबरपत्रिकाको नाम | प्रकार | प्रकाशन मिति | सम्पादक |
|---|---|---|---|---|
| १ | पासा | पाक्षिक | २००९ | आशाराम शाक्य |
| २ | नेपालभाषा पत्रिका | दैनिक | २०१२ असोज १६ | फत्तेबहादुर सिंह |
| ३ | पासा | दैनिक | २०१४ जेठ १५ | कृष्णचन्द्रसिंह प्रधान |
| ४ | ज्यामि | साप्ताहिक | २०१४ वैशाख १ | सुशीलनाथ ओझा |
| ५ | इनाप | साप्ताहिक | २०३९ पुस २८ | कृष्ण सुन्दर मल्ल |
| ६ | राजमति | साप्ताहिक | २०३९ पुस ३० | धर्म रत्न शाक्य |
| ७ | विश्वभूमि | दैनिक | २०४५ मङ्सिर २९ | अशोक श्रेष्ठ |
| ८ | न्हूगु विश्वभूमि | दैनिक | २०४८ पुस २ देखि | अशोक श्रेष्ठ |
| ९ | देशय्मरु झ्याः | साप्ताहिक | २०५० माघ ७ | प्रदीप मान श्रेष्ठ |
| १० | सन्ध्या टाइम्स | दैनिक | २०५२ कात्तिक १६ | सुरेश मानन्धर |
| ११ | नसना | साप्ताहिक | २०५४ वैशाख १५ | ओमकारेश्वर श्रेष्ठ |
| १२ | झीगु सः | साप्ताहिक | २०५४ साउन १४ | किरणमुनी बज्राचार्य |
| १३ | नेपाः देया भिन्तुना | दैनिक | २०५५ कात्तिक ९ | रमेशचन्द्र प्रधान |
| १४ | हेटौंडा वाःपौ | साप्ताहिक | २०५५ चैत २१ | दीपकप्रसाद श्रेष्ठ |
| १५ | स्वनिगः | साप्ताहिक | २०५६ श्रावण | विजयरत्न |
| १६ | अप्सरा | साप्ताहिक | २०५७ जेठ १८ | उमेश श्रेष्ठ |
| १७ | नेवाः पोष्ट/यें नेवाः पोष्ट | दैनिक | २०५८ चैत १८ | विजयकृष्ण श्रेष्ठ |
| १८ | लकस | साप्ताहिक | २०५८ चैत | प्रयागमान प्रधान |
| १९ | लाय्कू* | पाक्षिक (द्वैभाषिक) | २०५९ कात्तिक | नरेशवीर शाक्य |
| २० | झीगु स्वनिगः | साप्ताहिक | २०६३ साउन ३१ | रूपा महर्जन |
| २१ | नेपाः सः | साप्ताहिक | २०६३ जेठ १८ | सुभाषराम प्रजापति |
| २२ | पेज श्री (यजु) | पाक्षिक | २०६३ जेठ २२ | दर्शनबीर शाक्य |

स्रोत : सम्बन्धित खबरपत्रिकाको अध्ययन ।

* माथि उल्लेख गरिएका विभिन्न पत्रिकाहरूमध्ये *लाय्कू* मात्र द्वैभाषिक पत्रिका हो । यो पत्रिका अध्ययनमा परेकोले यस तालिकामा उल्लेख गरिएको हो । यो पत्रिकावाहेक अन्य मिश्रित भाषामा छापिएका पत्रिकाहरूलाई तालिकामा समावेश गरिएको छैन ।



## चौतारी पुस्तक शृङ्खला- ५१

नेपाली एफएम रेडियोमा भैरहेका नेटवर्किङको अभ्यासबारेको बहसमा यो पुस्तक केन्द्रित छ। बहसका भिन्न धारहरूको चर्चा परिचय खण्डमा गरिएको छ भने पहिलो अध्यायमा एफएम रेडियोमा नेटवर्किङको विकास/विस्तारक्रमलाई केलाइएको छ। विस्तारको प्रवृत्ति हेर्दा भिन्न प्रकृति र उद्देश्यका रेडियो नेटवर्किङहरूको उपस्थिति आउँदा दिनमा बाक्लिने सङ्केत देखिन्छ। पुस्तकको दोस्रो र तेस्रो अध्यायले नेटवर्किङअन्तर्गत प्रसारण भैरहेका सामग्री या कार्यक्रमका अन्तर्वस्तु खोतल्छन्। राष्ट्रिय चासोका यावत् मुद्दाबारे कार्यक्रम तथा समाचार उत्पादन गर्दै तिनलाई मोफसलका श्रोतामाझ पुऱ्याउन नेटवर्किङको भूमिका रहेको यी दुई अध्यायले देखाउँछन्।

काठमाडौँबाहिरका एफएम रेडियोको अवस्था र तिनमा नेटवर्किङले पारेको प्रभावको लेखाजोखा पुस्तकको चौथो अध्यायमा गरिएको छ। छोटो समयमा बग्रेल्ती रेडियो खुलेकाले तीव्र स्पर्धा त छ नै, दक्ष जनशक्तिको अभाव पनि उत्तिकै छ। यस्तो परिस्थितिमा नेटवर्किङका कार्यक्रमले एफएम रेडियोहरूलाई केही राहत मिलेको भए पनि यसले परनिर्भरता बढाएको छ। र, स्थानीय मुद्दा कम प्राथमिकतामा पर्ने देखाएको छ।

मिडिया अध्येता, र स्वतन्त्र रेडियोप्रति चासो राख्ने सबैका लागि *रेडियो नेटवर्क : अभ्यास, अन्तर्वस्तु र स्थानीय प्रभाव* उपयोगी हुनेछ।